# संवत् २०८० साल असोज १६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरवार, काठमाडौं

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | | विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायत संविधानप्रदत्त मौलिक हकको सम्मान गर्दै सामाजिक सञ्जालको बढ्दो प्रयोगलाई सकारात्मक तथा मर्यादित बनाउने सन्दर्भमा सामाजिक सञ्जालका सञ्चालक र प्रयोगकर्ताले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हित वा सङ्घीय एकाईबीचको सुसम्बन्धमा प्रतिकूल असर हुने गरी वा वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरू कुनै आधारमा घृणा, द्वेष वा अवहेलना हुने कुनै काम कारबाही नगर्न नगराउनुहुन एवम् विभिन्न जात, जाति वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुग्ने गतिविधि नगर्न नगराउनुहुन नेपाल सरकार हार्दिक अनुरोध गर्दछ । साथै, सामाजिक सञ्जाल प्रयोग गर्दा आधारहीन विषय व्यक्त गर्ने, व्यक्तिको प्रतिष्ठा, आत्मसम्मान, गोपनियता तथा चरित्रमा आघात पुऱ्याउने जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, अपराध गर्न दुरुत्साहन गर्ने, शान्ति सुरक्षा भङ्ग हुने कार्यलाई बढावा दिने वा प्रचलित कानूनबमोजिम प्रकाशन वा प्रसारण गर्न रोक लगाएको कुरा प्रसारण वा सम्प्रेषण गर्ने वा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल हुने सामग्री प्रकाशन वा प्रसारण गर्नेजस्ता कार्य नगर्न नगराउन समेत नेपाल सरकार हार्दिक अपिल गर्दछ। |
| २ | | आसन्न चाडपर्वको अवसरमा उच्च माग हुने खाद्य तथा गैरखाद्य वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरी अस्वाभाविक मूल्य वृद्धि, कालोबजारी र अखाद्य वस्तु मिसावट गरी गुणस्तरहीन वस्तु विक्री वितरण गर्नेजस्ता अनुचित कार्यहरू नगर्न नगराउन सम्पूर्ण उद्योगी, व्यवसायीहरूलाई नेपाल सरकार ध्यानाकर्षण गराउँदछ।<br>बजारमा कृत्रिम अभाव सिर्जना गर्ने र नाफाखोरी गर्ने व्यक्ति, फर्मलाई कानूनबमोजिम कारबाहीका लागि कोही कसैसँग सूचना भएमा हेलो सरकार, वाणिज्य विभागको पोर्टल वा टोल फ्री नं. ११३७ मा सूचना दिनुहुन आम उपभोक्ता वर्गमा नेपाल सरकार अनुरोध गर्दछ।<br>उपभोग्य वस्तुको विक्री वितरणसँग सम्बन्धित सार्वजनिक निकायहरूले तत्काल देशभर सुपथ मूल्यका पसल सञ्चालन गर्ने, बजार अनुगमनका लागि स्थापित सम्पूर्ण संयन्त्रहरूलाई थप सक्रिय र क्रियाशील बनाई बजार अनुगमन कार्यलाई प्रभावकारी बनाउने, अस्वभाविक मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्ने व्यवस्था मिलाई कृत्रिम अभाव सिर्जना गर्ने, अस्वभाविक रूपमा मूल्य वृद्धि गरी नाफाखोरी र कालोबजारीमा संलग्न हुने जो कोहीलाई प्रचलित कानूनबमोजिम कडा कारबाही गर्ने र सोको प्रतिवेदन सर्वसाधारण सबैको जानकारीका लागि सम्बन्धित निकायबाट दैनिक रूपमा सम्प्रेषित गर्न नेपाल सरकार निर्देशन गर्दछ। |
| ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ICIMOD) लाई नेपाल सरकारबाट सन् २०२१ देखि २०२३ सम्मको वार्षिक बजेट योगदान वापत कूल ७,७५,५३३।- (सात लाख पचहत्तर हजार पाँच सय तेत्तीस) अमेरिकी डलर बराबरको रकम अर्थ मन्त्रालयमार्फत भुक्तानी गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| ४ | अर्थ मन्त्रालय | नेपाल गुणस्तरीय स्वास्थ्य सेवा प्रणाली कार्यक्रमका लागि विश्व बैंकबाट प्राप्त हुने १०० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा ३.८४ मिलियन अमेरिकी डलर अनुदान सहायता स्वीकार गर्ने। |
| ५ | अर्थ मन्त्रालय | उदय-आर्थिक विकासका लागि लगानी तथा नवप्रवर्तनसम्बन्धी आयोजना कार्यान्वयन गर्न स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने स्वीस फ्रान्क ५.४५ मिलियन अनुदान सहायता स्वीकार गर्ने। |
| ६ | अर्थ मन्त्रालय | सिटी अफ लण्डनको Mansion House मा आयोजना हुने उच्चस्तरीय लगानी सम्मेलनमा सहभागी हुन अर्थमन्त्री माननीय डा. प्रकाश शरण महत नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| ७ | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | विशेष अदालत नियमावली, २०८० स्वीकृत गर्ने। |
| ८ | कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालय | क) फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सो ऐनका प्रारम्भ हुन बाँकी दफाहरूमध्ये दफा १७ को खण्ड (च), दफा २९ र दफा ४९ मिति २०८०।७।१ देखि प्रारम्भ हुने गरी तोक्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने।<br>(ख) फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४९ बमोजिम प्यारोल अधिकृतको नियुक्ति नभएसम्मको लागि सम्बन्धित कारागार प्रशासकलाई सो दफाको प्रयोजनको लागि मिति २०८०।७।१ देखि लागू हुने गरी प्यारोल अधिकृत तोक्ने र सोको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने। |
| ९ | परराष्ट्र मन्त्रालय | नेपाल र मलेसिया सरकारका परराष्ट्र मन्त्रालयहरूबीच द्विपक्षीय परामर्श संयन्त्र (Bilateral Consultation Mechanism) स्थापना गर्ने। |
| १० | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि, २०६८ खारेज गर्ने। |
| ११ | श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालय | नेपाल सरकार र जर्मनी सरकार एवं नेपाल सरकार र रोमानिया सरकारबीच द्विपक्षीय श्रम सम्झौता गर्न स्वीकृति दिने। उक्त सम्झौतासम्बन्धी कार्यक्रममा सहभागी हुन माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने। |
| १२ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेस गर्ने। |
| १३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल र स्वीजरल्याण्डबीच द्विपक्षीय वार्ता तथा हवाई सेवा सम्झौता गर्न स्वीकृति दिने। |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल र रुवाण्डाबीच द्विपक्षीय वार्ता तथा हवाई सेवा सम्झौता गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| १५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | निर्माणमुखी सामग्रीको व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसदसमक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| १६ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत कार्यक्रमहरूको लागि अधिकृतस्तरका ६ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | जिल्ला समन्वय समितिको कार्यालयको संगठन संरचना र दरबन्दी तेरिज संशोधन गर्ने। |
| १८ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र अन्तर्गतमा अधिकृतस्तरको कूल १७२ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १९ | न्याय सेवा आयोगको सिफारिसबमोजिम नेपाल न्याय सेवा, सरकारी वकिल समूह, राजपत्राङ्कित प्रथम श्रेणीका सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीलाई सोही सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा बढुवा गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदस्थापन गर्ने। | |